नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौ

(प्रशासन तथा योजना शाखा)

नेपाल सरकार
युवा श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

प.सं. २०८३/०८४
च.नं.

मितिः २०८३।०७।१७
ने.सं. ११४६ कौलागा नवमी

विषयः वैदेशिक रोजगारीमा रहेको श्रमिकको राहत तथा उद्धारसम्बन्धी
वैदेशिक रोजगार विभागको अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई ईजाजतपत्र प्राप्त संस्था (Licensed Manpower) मार्फत वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकले विदेशमा रोजगारीका क्रममा सम्झौता अनुसारको तलब, काम, सेवा सुविधा तथा कार्य वातावरण नपाएको, रोजगारदाताबाट दुर्व्यवहार, शोषण वा अन्याय भोग्नुपरेको वा अन्य कुनै समस्यामा परेको अवस्थामा विभागको आधिकारिक वेबसाइट www.ujuri.dofe.gov.np मार्फत अनलाइन गुनासो दर्ता गर्न सक्नुहुनेछ। श्रमिक स्वयं वा नेपालमा रहेका निजका परिवारका सदस्य तथा आफन्तले समेत गुनासो दर्ता गर्न सक्नेछन्।

साथै, विदेशमा अलपत्र परेका, उद्धार गर्नुपर्ने, राहत तथा सहयोग आवश्यक भएका वा अन्य कुनै कारणले तत्काल सरकारी सहजीकरण आवश्यक पर्ने श्रमिकका सम्बन्धमा समेत उक्त पोर्टलमार्फत जानकारी तथा अनुरोध पठाउन सकिनेछ। गुनासो दर्ता गर्दा श्रमिकको नाम, राहदानी नम्बर, हाल कार्यरत मुलुक, रोजगारदाता वा ईजाजतपत्र प्राप्त संस्था (licensed Manpower) को विवरण, सम्पर्क नम्बर तथा समस्याको संक्षिप्त विवरण उल्लेख गरी सम्भव भएसम्म सम्बन्धित प्रमाणसमेत संलग्न गर्नुहुन अनुरोध छ।

विभागमा प्राप्त गुनासो तथा उद्धारसम्बन्धी अनुरोधको प्रारम्भिक अध्ययन तथा आवश्यक समन्वयको प्रक्रिया ३ (तीन) कार्यदिनभित्र प्रारम्भ गरिनेछ। श्रमिकको हक, हित, सुरक्षा, राहत तथा उद्धारका लागि वैदेशिक रोजगार विभाग प्रतिबद्ध छ।

समस्या परेमा नलुकाऔं, अनलाइनमार्फत जानकारी गराऔं।

अनलाइन गुनासो तथा उद्धार अनुरोधः

सम्पर्क नं. : ९८५१३४२३९२

Whatsapp No. : ९८५१३४२३९२ मा Message गर्न सक्नुहुनेछ।

वेभसाइट : www.ujuri.dofe.gov.np

उजुरी तथा गुनासो गर्न QR scan गर्नुहोला।

023/06/96